नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयनवराजपुर ,

# स्थानीय राजपत्र

खण्डः४ संख्याः७, नवराजपुर मितिः२०८२/०७/२८

## भाग १

## नवराजपुर गाउँपालिका

**नवराजपुर गाउँपालिका सिरहामा करारमा कर्मचारी -प्राविधिक कर्मचारी र श्रेणीविहिन कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२**

स्वीकृत मितिः२०८२/०३/०९

नवराजपुर गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि स्वीकृत कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक कर्मचारी र श्रेणीविहिन

कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि नवराजपुर गाँउ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"नवराजपुर गाउँपालिकामा करारमा कर्मचारी प्राविधिक कर्मचारी र श्रेणीविहिन कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२"** रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. कार्यविधिको दफा ३ मा संशोधनः कार्यविधि लागु हुने क्षेत्र र सेवाः**

मुल कार्यविधिको दफा ३ को उपदफा २ (ङ) मा “स्वास्थ्य सेवासँग सम्बन्धितको” सट्टा “स्वास्थ्य सेवासँग सम्बन्धित प्रशासन तर्फको समेत” थप गरिएको छ ।

**३. कार्यविधीको दफा ४ मा संशोधनः छनौट सम्बन्धी व्यवस्था**

दफा ४ उपदफा ३ को (घ)मा भएको व्यवस्थाको “अन्तवार्तामा अधिकतम ४० अंक । यस अनुसार अकं प्रदान गर्दा न्युनतम १६ (सोह) र अधिकतम २८ (अठ्ठाइस) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ” सट्टा “लिखित परिक्षा (१०० पुर्णाङ्क) लोकसेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार बस्तुगत परिक्षा संचालन गरिनेछ, (उतिर्णाङ्क ४०)”।

दफा ३ उपदफा ३ को (ङ) थप “अन्तवार्तामा अधिकतम ४० अंक । यस अनुसार अकं प्रदान गर्दा न्युनतम १६ (सोह) र अधिकतम २८ (अठ्ठाइस) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ” गरिएको छ।

....................
श्री शिव उदगार यादव
गाउँसभा अध्यक्ष
नवराजपुर गाउँपालिका
मिति २०८२/०३/०९

..................
आज्ञाले
सरोज कुमार सिंह
प्रमुख प्रशासकीय अधीकृत

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयनवराजपुर ,

# स्थानीय राजपत्र

खण्डः४ संख्याः८, नवराजपुर मितिः२०८२/०७/२८

**भाग २**

**नवराजपुर गाउँपालिका**

## गाउँ कार्यपालिका (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०८२

स्वीकृत मितिः२०८२/०३/११

# गाउँ कार्यपालिका (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०८२

नेपालको संविधानको धारा २१८ ले दिएको अधीकार प्रयोग गरी नवराजपुर गाउँपालिकाको गाउँ कार्यपालिकाले आफ्नो कार्य विभाजनका लागि मिति २०८२/०३/११ को निर्णय अनुसार देहायका नियमहरु संशोधन गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम “गाउँ कार्यपालिका (कार्य विभाजन)(पहिलो संशोधन) नियमावली, २०८२” रहेको छ।”**

(२) यो नियमावली तुरुन्त प्रासम्भ हुनेछ ।

**२.** मुल नियामावलीको नियम ५ मा संशोधनः **जिम्मेदारी तथा उत्तेदायित्वः(१) गाउँ कार्यपालिकाबाट सम्पादन भएका कामका लागि अध्यक्ष तथा सदस्यहरु सामुहिक रुपमा गाउँ सभाप्रति उत्तरदायी हुनेछन ।**

मुल नियामावलीको नियम ५ को उपनियम ५ मा “यस गा.पा. अन्तर्गत रहेका राजश्व परामर्श समिति, श्रोत अनुमान तथा सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत अन्य समितिहरुको बैठक बस्ने भनि स्थानीय बजेट तर्जुमा दिग्दर्शन २०७८ द्वारा तोकिएको समय सिमामा स्थानीय सरकार संचालन ऐन र गाउँ सभा / नगर सभा / जिल्ला सभा संचालन कार्याविधि २०७७ द्वारा तोकियको काम कर्तवय र अधीकार बमोजिम बस्नुपर्ने बैठकहरुमा समेत ततः समितिहरुको संयोजक ज्यूले स्वस्फुर्त रुपमा नबसाईएमा यस गा.पा.को अध्यक्षज्यूको निर्देशन अनुसार सम्बन्धित समितिको सचिव ज्यूले बैठक आह्वान गरि वहुमतको आधारमा आवश्यक निर्णय लिन सक्ने कुरा ” भन्ने थप गरिएको छन ।

..................

आज्ञाले

सरोज कुमार सिंह

प्रमुख प्रशासकीय अधीकृत